क्षीरेश्वरनाथ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

महेन्द्रनगर, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८१।०८२

चलानी नं. : ४९६

मिति : २०८१।०९।२९

**विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धि सूचना !**

(सूचना प्रकाशन मिति: २०८१।०९।२९)

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत वडा नं ८ मा संचालित श्री राष्ट्रिय आधारभूत विद्यालय सीतानगरमा रिक्त रहेको **प्राथमिक** तहको शिक्षक पद संख्या १ मा शिक्षक सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनी विद्यालयको **च.न. २९** मिति २०८१।०९।२८ को पत्रबाट अनुरोध भई आएकोले **सम्बन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट** यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूचि – १७ बमोजिमको ढाँचामा **सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको** सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धि निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्चः**

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना shreerastriyaaadharvutvidhyala@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्रप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन ।

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**बाधार्थः**

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुर।

श्री शिक्षा विकास तथा समन्वय इकाइ, धनुषा।

श्री राष्ट्रिय आधारभूत विद्यालय सीतानगर, क्षीरेश्वरनाथ न.पा. नं. ८, धनुषाः सूचना टाँस गरी निर्देशिका अनुसार आवश्यक प्रक्रिया अगाडी बढाउनु हुन।



CamScanner

CamScanner